वर्ष ९ अंक २
मंसिर/पौष २०७४, December 2017

# ICAN Newsletter

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको खबरपत्र

## प्रिय मित्रहरु,



यस वर्षको खवरपत्रको दोस्रो अंक मार्फत विगत तीन महिनाको संस्थाका गतिविधिहरू बारेमा यहाँहरूलाई जानकारी गराउन पाउँदा मलाई खुसी लागेको छ। मैले संस्थाको नेतृत्वको जिम्मेवारी सम्हाले पछि खवर पत्रको माध्ययमबाट आफ्नो कार्यकालमा थालनी गर्ने र साविकको योजनाहरूलाई निरन्तरता दिने बारेमा आफ्नो प्रतिवद्धता यहाँ समक्ष प्रस्तुत गरेको थिएँ। ती योजनाहरू मध्ये केही योजनाहरूको कार्यान्वयन शुरू भैसकेको छ भने केही योजनाहरू थालनी गर्ने गृहकार्य र प्रकृयाहरू अघि बढीसकेको अवस्था छ। खास गरी अक्टुवर देखि डिसेम्वर अवधि हाम्रो दशै र तिहार पर्वको बेला पर्ने र संयोगले यस बर्ष संघीय प्रणाली अनुसार मंसिरमा संसदको आम निर्वाचन परेकोले प्राविधिक रूपमा केही कार्यक्रमहरू अपेक्षित गतिमा अघि बढ्न सकेनन्। यसै अवधिमा आगामी त्रैमासिकमा निर्धारित कार्यक्रमहरूको तयारीमा पनि संस्थाको गतिविधि केन्द्रित रहनु परेको अवस्था रह्यो। यसो भएता पनि अक्टुवर देखि डिसेम्वर अवधिमा संस्थाबाट संचालित गतिविधिहरूको बारेमा संक्षेपमा यहाँहरूलाई जानकारी गराउने जमर्को गरेको छु।

## सदस्य सम्बन्धी क्रियाकलाप

संस्थाले सदस्यहरूको हितलाई ध्यानमा राखी हालैमात्र कल्याणकारी कोषको स्थापना गरेको छ। यो कोषबाट सदस्यका परिवार र तिनमा आश्रितहरूलाई आर्थिक समस्या परेको समयमा विशेषत: आकस्मिक बिरामी पर्दा र अन्य सकस आईपरेको अवस्थामा सहयोग गरिने छ।

संस्थाले यस अवधिमा कूल ६३ जनालाई चार्टर्ड एकाउन्टेन्टको सदस्यता प्रदान गरेको छ।

संस्थालाई लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन (Audit Quality Assurance Review) को काममा सहयोग गर्ने उद्देश्यले ICAEW का दुईजना प्रतिनिधिहरूको १० दिने नेपाल भ्रमण अवधिमा संस्थाका कर्मचारीहरूलाई गुणस्तर आश्वस्तता पुनरावलोकन सम्बन्धी सैद्धान्तिक तालिम दिनुका साथै प्रयोगात्मक प्रशिक्षणको लागि लेखाव्यवसायी फर्महरूको स्थलगत भ्रमण गरी तालिम प्रदान गरेको जानकारी गराउँछु।

## नेतृत्व तथा संस्थागत विकास

संस्थाले नेतृत्व तथा संस्थागत विकासको क्रममा बिभिन्न क्षेत्रका निकाय तथा पदाधिकारीहरूसंग छलफल तथा अन्तरकृया निरन्तर रूपमा गर्दै आईरहेको छ। यस अवधिमा संस्थाले उपत्यका तथा उपत्यका बाहिरका बिभिन्न स्थानमा संस्थाका सदस्यहरू, सि.ए. अध्ययनरत बिद्यार्थीहरू, सरकारी अधिकारीहरू, बिभिन्न कलेजका प्रधानाध्यापक तथा पदाधिकारीहरू, उद्योग व्यापार संघका प्रतिनिधिहरूसंग छलफल तथा अन्तरकृया गरेको जानकारी गराउन चाहन्छु।

विश्व लेखा शिक्षा दिवस (World Accountancy Education Day) को उपलक्ष्यमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०७४ साल कार्तिक २४ गते पैदल यात्रा तथा अन्तरकृया कार्यक्रमको आयोजना गरी Accountancy Education Day मनायो। सो पैदल यात्रा तथा अन्तरक्रिया कार्यक्रममा संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षद्हरू, पूर्व अध्यक्षहरू, शिक्षाविदहरू, विभिन्न कलेजका शिक्षक तथा बिद्यार्थीहरू, पत्रकारहरू, संस्थाका कर्मचारीहरू, संस्थामा अध्ययनरत बिद्यार्थीहरू लगायतको सहभागिता रहेको थियो।

विश्व लेखा शिक्षा दिवसको अवसरमा मेरो नेतृत्वको टोलीले महालेखापरीक्षक, महालेखानियन्त्रक, त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका संकाय प्रमुखहरू तथा आन्तरिक राजस्व विभागका महानिर्देशकसंग आपसी सहकार्यको बारेमा छलफल गरेको थियो।

संस्थाले संस्थागत विकासको क्रममा एक सह-निर्देशक र दुई उप-निर्देशक तहका कर्मचारीहरू करारमा नियुक्त गरेको छ। यसबाट संस्थाको गतिविधिमा तीव्रता

## कार्यशाला गोष्ठी, बिराटनगर

संस्थाले बिराटनगरमा १४ अक्टुवर २०१७ मा Accounting Profession-Recent Development उपर एक दिने कार्यशाला गोष्ठीको आयोजना गर्‍यो। संस्थाको बिराटनगर शाखाका शाखा संयोजक समितिका संयोजक सिए. पवन राठीको स्वागत मन्तव्यबाट कार्यशाला गोष्ठी शुरू भएको थियो। गोष्ठीमा संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले शुभारम्भ मन्तव्य दिनुभएको थियो। कार्यशाला गोष्ठीमा बिभिन्न ४ वटा प्राविधिक कार्यपत्रहरू प्रस्तुत गरिएको थियो।

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले गोष्ठीको समापन कार्यक्रमलाई संबोधन गर्दै गोष्ठीबाट प्राप्त भएको ज्ञानले सहभागीहरूलाई आफ्नो कार्य सम्पादनमा थोरै भएपनि उपयोगी हुने विश्वास व्यक्त गर्नु भयो। कार्यक्रममा सहभागी संस्थाका सदस्यहरूलाई ८ सी.पी.ई क्रेडिट आवर प्रदान गरिएको थियो। कार्यक्रममा संस्थाका सदस्य तथा विभिन्न क्षेत्रवाट गरी १०० जनाको सहभागिता रहेको थियो।

## अन्तरकृया कार्यक्रम

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा तथा उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले १४ र १५ अक्टुवर २०१७ मा संस्थाको शाखा कार्यालय विराटनगरमा विभिन्न सरोकारवालाहरूसंग बैठक तथा अन्तरकृया गर्नु भयो। यस क्रममा संस्थाका अध्यक्ष र उपाध्यक्षले ICAN Branch Advisory Committee, संस्थाका सदस्यहरू, सि.ए. अध्ययनरत बिद्यार्थीहरू, सरकारी अधिकारीहरू, बिभिन्न कलेजका प्रधानाध्यापक तथा पदाधिकारीहरू, उद्योग व्यापार संघका प्रतिनिधिहरूसंग छलफल तथा अन्तरकृया गर्नुभएको थियो। अन्तरकृया निम्नानुसार सञ्चालन भएको थियो।

### सि.ए.अध्ययनरत बिद्यार्थीहरुसंग अन्तरकृया

संस्थाका प्रतिनिधिहरूले सि.ए. कोर्ष अध्ययनरत बिद्याथीहरूसंग सरोकार हुने र उनीहरूको चाँसोका विविध विषयहरू जस्तै शिक्षा प्रणाली, परीक्षा प्रणाली र अन्य समय सामयिक विषय वस्तु उपर अन्तरकृया गरी निजहरूको जिज्ञाशाको संवोधन गरिएको थियो।

### ICAN Branch Advisory Committee का सदस्यहरुसंग अन्तरकृया

संस्थाका प्रतिनिधिहरू र ICAN Branch Advisory Committee बिराटनगरका सदस्यहरू वीच बिराटनगरमा भएको अन्तरकृयामा शाखा कार्यालयको भूमिका, शाखा कार्यालयको कार्ययोजना, शाखा कार्यालय भवन निर्माण, शाखा कार्यालयबाट प्रदान गरिने सेवा र शाखा कार्यालयको कर्मचारीहरूको सुविधा सम्बन्धमा छलफल भएको थियो।

### संस्थाका सदस्यहरुसंग अन्तरकृया

संस्थाका केन्द्रीय प्रतिनिधिहरू र संस्थाका बिराटनगर स्थित सदस्यहरू वीच अन्तरकृया सम्पन्न भयो। सो अन्तरकृयामा सदस्यहरूको भूमिका, लेखाव्यवसाय पेशा प्रति समाजको अपेक्षा, संस्थाको योजना, NFRS, NFRS for SMEs, NSAs, आचार संहिता आदि बारेमा छलफल भएको थियो। उक्त कार्यक्रममा ३२ जनाको सहभागिता रहेको थियो।

### सरकारी तथा अन्य निकायहरुका अधिकारीहरुसंग अन्तरकृया

संस्थाका प्रतिनिधिहरू र सरकारी कार्यालयका अधिकारीहरू लगायत अन्य सार्वजनिक क्षेत्रका प्रतिनिधिहरू वीच बिराटनगरमा अन्तरकृया कार्यक्रमको आयोजना गरिएको थियो। कार्यक्रममा संस्थाको भूमिका, NFRS, NAS को कार्यान्वयन, सरकारी सहयोग र अन्य पेशागत विषयहरूमाथि छलफल भएको थियो।

सो अन्तरकृया कार्यक्रममा मोरङ्ग र सुनसरी जिल्ला स्थित आन्तरिक राजस्व कार्यालय, भन्सार कार्यालय, नेपाल राष्ट्र बैंक, बाणिज्य बैकहरू, सहकारी संस्थाहरू, को. ले. नि. का., जिल्ला प्रशासन कार्यालय, नगरपालिका, त्रिभुवन विश्वबिद्यालय, पूर्वाञ्चल विश्वबिद्यालय आदि लगायत कूल २० प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

आउने र संस्थाले सदस्य, बिद्यार्थी तथा अन्य सरोकारवालाहरूलाई गुणस्तरीय छिटो र सरल ढंगबाट सेवा प्रदान गर्न सहज हुने विश्वास लिएका छौं ।

## तालिम तथा अन्तरकृया

संस्थाले बिभिन्न तालिम, कार्यशाला गोष्ठी, अन्तरकृयाको माध्ययमबाट सदस्यहरूको क्षमता अभिबृद्धि गर्दै आईरहेको छ । यस त्रैमासिकमा सदस्यहरूको निमित्त निम्न अनुसार विविध कार्यक्रमहरूको आयोजना गरिएको थियो ।

संस्थाले बिराटनगरमा बाणिज्य बैंक, विकास बैंक, फाईनान्स कम्पनी र लघुवित्त संस्थाहरूको सहभागितामा नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी दुई दिने तालिम संचालन गरेको थियो । सो कार्यक्रममा नेपाल वित्तीय प्रतिवेदनमानको प्राविधिक पक्षका बारेमा विस्तृत जानकारी गराउनुका साथै यसको आवश्यकताका सम्बन्धमा जानकारी गराईएको थियो । तालिमका सहभागीहरूलाई वित्तीय प्रतिवेदनमानहरूको वारेमा उदाहरण सहित जानकारी प्रदान गरिएको थियो ।

संस्थाले दर्तावाला लेखापरीक्षकहरूको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले विभिन्न कार्यक्रहरू संचालन गर्ने क्रममा दर्तावाला लेखापरीक्षकहरूको निमित्त कम्प्यूटरको माध्ययमबाट लेखापरीक्षण कसरी सहज ढंगबाट संचालन गर्ने भन्ने विषयमा सात दिनको Data Analytics for Registered Auditors सम्बन्धी तालिम संचालन गरेको थियो ।

## विद्यार्थी मामिला तथा शैक्षिक कृयाकलाप

यस त्रैमासिकमा संस्थाले विद्यार्थी हितको लागि निम्न अनुसार विविध कार्यक्रमहरूको आयोजना गरेको थियो ।

संस्थाले CAP I तहमा नयाँ भर्ना भएका विद्यार्थीहरूलाई स्वागत सहित चार्टर्ड एकाउन्टेन्सी कोर्षका विभिन्न तहहरूको जानकारी गराउने उद्देश्यले विद्यार्थीहरूसंग अन्तरकृया गरी विद्यार्थीहरूलाई अभिमुखीकरण गरेको थियो । सो कार्यक्रममा उल्लेख्य संख्यामा विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

संस्थाले विद्यार्थीहरू वीच सिए शिक्षाको महत्व बारे जानकारी गराउने उद्देश्यले विगत झैं यस अवधिमा पनि काठमाडौं उपत्यकामा करीयर काउन्सलिङ्ग संचालन गरेको थियो ।

संस्थाले संचालन गरेको डिसेम्बर परीक्षामा कूल २९५४ परीक्षार्थीको आवेदन परेकोमा २७०० परीक्षार्थी परीक्षामा सामेल भएका थिए ।

संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न अनिवार्य एक बर्षे Internship गर्नुपर्ने व्यवस्था अनुरूप यस अवधिमा The Institute of Chartered Accountants of India (ICAI) बाट परीक्षा उत्तीर्ण गरेका कूल ६० जनाले एक बर्षे Internship को लागि आफ्नो नाम दर्ता गराएका छन् ।

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता प्राप्त गरेको व्यक्तिले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता परीक्षा अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्ने प्रावधान अनुरूप विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिई पेशागत प्रमाणपत्र प्राप्त गरेका २०८ जना परीक्षामा सामेल भएका थिए ।

संस्थामा अक्टुवर २०१७ देखि डिसेम्बर २०१७ सम्ममा बिभिन्न तहमा चार्टर्ड एकाउन्टेन्सी कोर्ष गर्न ६०१ जना नयाँ बिद्यार्थी भर्ना भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

संस्थाले विगत १२ वर्ष देखि चार्टर्ड एकाउन्टेन्सी कोर्ष अध्ययन गर्न बिद्यार्थीहरूलाई छात्रबृत्ति उपलव्ध गराउँदै आएको छ । हाल संस्थाले छात्रबृत्ति सम्बन्धी व्यवस्थामा केही परिमार्जन गरी उच्चतम अंक ल्याउने जेहेन्दार बिद्यार्थीहरूको निमित्त कूल छात्रबृत्ति रकमको २० प्रतिशत रकम छुट्याउने व्यवस्था मिलाएको छ ।

संस्थाले २०७५/७६ को लागि अनवरत व्यावसायिक शिक्षा (सी.पी.ई) तालिमको तालिका प्रकाशित गरिसकेको छ । तद्अनुसार संस्था तथा संस्थाबाट मान्यता प्राप्त संस्थाहरूले तालिम संचालन गर्ने छन् ।

## अन्तर्राष्ट्रिय सम्बन्ध

संस्थाका सदस्यहरूलाई विश्व वजारमा आफ्नो उपस्थिति देखाउन हाम्रो प्रयास निरन्तर जारी रहेको छ । यस क्रममा अन्तर्राष्ट्रिय स्तरमा आयोजित बिभिन्न कार्यशाला गोष्ठी, अन्तर्राष्ट्रिय सेमिनार, अन्तर्राष्ट्रिय बैठकहरूमा संस्थावाट सहभागिता जनाउँदै आएको जानकारी गराउन चाहन्छु ।

संस्थाको यस अघिको खवरपत्रको अंकमा उल्लेख गरिए अनुसार संस्थाले आयोजना गर्ने अन्तर्राष्ट्रिय सम्मेलन तथा संस्थाको २१औं वार्षिक उत्सववको दिनमा संस्थाले CIPFA संग सहमतिपत्रमा हस्ताक्षर गर्ने तय भएको छ ।

यस त्रैमासिक अवधिमा संस्थाका प्रतिनिधिमण्डलहरूले साफा बोर्ड, कमिटि, कापा बोर्ड तथा कमिटि, IFAC परिषद बैठकमा भाग लिएको थियो । यस्ता सहभागिताबाट संस्थाको अन्तर्राष्ट्रिय निकायहरूसंग अनुभव आदानको साथै सम्बन्ध बिस्तारमा बल पुगेको छ । निश्चय पनि यस्ता सहभागिताको कारणले देशको लेखाव्यवसाय क्षेत्रको विभिन्न आयामहरूमा योगदान पुगेको छ । यस अवधिमा संस्थाका प्रतिनिधिहरूले ACCA, Chartered Accountants Australia and New Zealand (CA ANZ), The Institute of Chartered Accountants in England and Wales (ICAEW) का पदाधिकारीहरूसंग बैठक बसी संस्थागत, शैक्षिक तथा व्यावसायिक विकास आदि विषयहरू उपर छलफल गरी सहयोग र सम्बन्ध विस्तारमा सहयोग पुग्ने अपेक्षा गरेको छ ।

अन्त्मा, संस्थाको विकास लगायत संस्थाले आयोजना गरेको बिभिन्न राष्ट्रिय एवं अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभाव तथा निकायहरूलाई धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

धन्यवाद !

सिए. प्रकाश जंग थापा
अध्यक्ष

## बिभिन्न कलेजका प्रधानाध्यापक तथा पदाधिकारीहरुसंग अन्तरकृया

संस्थाका प्रतिनिधिहरू र कलेजका प्रधानाध्यापक तथा पदाधिकारीहरू वीच बिराटनगरमा अन्तरकृया सम्पन्न भयो । सो कार्यक्रममा संस्थाको बारेमा सहभागीहरूलाई जानकारी गराईएको थियो । त्यसको अलावा चार्टर्ड एकाउन्टेन्सी कोर्षमा बिद्यार्थी भर्ना प्रक्रिया, शैक्षिक प्रणाली आदि बारेमा जानकारी गराईएको थियो । उक्त कार्यक्रममा मोरङ्ग तथा सुनसरी जिल्लाका केही कलेजका प्रधानाध्यापक तथा पदाधिकारीहरू गरी १२ जनाको सहभागिता रहेको थियो ।

## उद्योग व्यापार संघका प्रतिनिधिहरुसंग अन्तरकृया

संस्थाका प्रतिनिधिहरू र उद्योग व्यापार संघका प्रतिनिधिहरू वीच बिराटनगरमा अन्तरकृया सम्पन्न भयो । अन्तरकृयामा व्यापारिक तथा औद्योगिक क्षेत्रमा NFRS, NFRS for SMEs, Auditing System र Auditing Standards, TAX, VAT, Custom, Excise का सम्बन्धमा छलफल भएको थियो । उक्त कार्यक्रममा मोरङ्ग तथा सुनसरीका व्यापार तथा उद्योग संघका १८ जना प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## Institute of Chartered Accountants of England and Wales (ICAEW) का प्रतिनिधिहरुको भ्रमण

संस्थाको लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकन (Audit Quality Assurance Review) को काममा सहयोग गर्ने उद्देश्यले ICAEW बाट दुईजना प्रतिनिधीहरू Alan Hind र Matthew Helsby कार्तिक दोस्रो साता १० दिनको लागि नेपाल भ्रमणमा आउनुभएको थियो ।

भ्रमणको क्रममा निजहरूले संस्थाका कर्मचारीहरूलाई लेखापरीक्षण गुणस्तर आश्वस्तता (Audit Quality Assurance) सम्बन्धी सैद्धान्तिक तालिम दिनुका



Institute of Chartered Accountants of England and Wales (ICAEW) का प्रतिनिधिहरूसंगको बैठकको दृष्य ।

साथै प्रयोगात्मक प्रशिक्षणको लागि केही लेखाव्यवसायी फर्महरूको स्थलगत भ्रमण गरी तालिम प्रदान गर्नुभएको थियो । सो भ्रमण टोलीले २७ अक्टुवर २०१७ मा लेखापरीक्षण गुणस्तर आश्वस्तता पुनरावलोकनको विषयमा संस्थाका पार्षदहरू र पूर्व अध्यक्षहरूसंग समेत छलफल गरेका थिए ।

## विश्व बैंकका प्रतिनिधिहरुसंग बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले २०७४ कार्तिक २२ गते विश्व बैंकको प्रतिनिधिहरूसंग संस्थाको मौजूदा पाठ्यक्रममा संशोधन, सरकारी कार्यालयको लागि मानव श्रोतको उत्पादन, कार्यरत कर्मचारीलाई तालिम प्रदान, PEFA Committee मा संस्थाको प्रतिनिधित्व, महालेखापरीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयसंगको सहकार्यमा स्थानीय निकायका लेखाका कर्मचारीहरूलाई तालिमका विषयमा विस्तृत छलफल भएको थियो ।

## Accountancy Education Day

विश्व लेखा शिक्षा दिवस (World Accountancy Education Day) को उपलक्ष्यमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले मिति २०७४ कार्तिक २४ गते विविध कार्यक्रहरूको आयोजना गरी Accountancy Education Day मनायो ।

## Accountancy Education Day को अवसरमा आयोजित पैदल यात्रा (Walkathon) कार्यक्रम

यस अवसरमा संस्थाका सदस्यहरू, संस्थाका विद्यार्थीहरू, विभिन्न कलेजका प्रमुख तथा विद्यार्थीहरू लगायत वरिष्ठ शिक्षाविद्हरूको सहभागितामा २०७४ कार्तिक २४ गते भृकुटी मण्डपबाट शुरू गरेर न्यूरोड, दरबारमार्ग हुँदै भृकुटी मण्डपमा समापन गर्ने गरी पैदल यात्रा कार्यक्रम आयोजना गरियो । सो पैदल यात्राको उद्घाटन संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले गर्नुभएको थियो । सो यात्रामा संस्थाका अध्यक्ष, उपाध्यक्ष, पार्षद्हरू, पूर्व अध्यक्षहरू, बिभिन्न कलेजका शिक्षक तथा विद्यार्थीहरू, पत्रकारहरू, संस्थाका कर्मचारीहरू, संस्थामा अध्ययनरत विद्यार्थीहरू लगायतको सहभागिता रहेको थियो ।



पैदल यात्रा शुभारम्भ गर्नु हुँदै संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा ।

कार्यक्रममा सवै क्षेत्रको प्रतिनिधिहरूको सहभागिताले संस्था प्रति सवै क्षेत्रबाट सहयोग प्राप्त भएको अनुभव गरिएको छ । सो पैदल यात्रामा ५०० भन्दा बढीको सहभागिता रहेको थियो ।

## Accountancy Education Day को अवसरमा अन्तरकृया कार्यक्रम

यस अवसरमा २०७४ साल कार्तिक २४ गते संस्थाले काठमाडौंमा आधा दिनको अन्तरकृया कार्यक्रम आयोजना गऱ्यो । संस्थाका अध्यक्ष सिए.



अन्तरकृया कार्यक्रममा सम्बोधन गर्नु हुँदै संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा ।

प्रकाश जंग थापाले स्वागत मन्तव्यबाट कार्यक्रमको शुभारम्भ गरी कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्नुभएको थियो । सो कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंक मणि शर्माज्यूले लेखा शिक्षाको महत्व दर्शाउँदै कार्यक्रमलाई सम्बोधन गर्नुभएको थियो । कार्यक्रम दुई सत्रमा संचालन गरिएको थियो । अन्तरकृया कार्यक्रममा सरकारी निकायका अधिकारीहरू, वरिष्ठ शिक्षाविद्हरू, संस्थाका सदस्यहरू, संस्थाका विद्यार्थीहरू समेत ९० जना भन्दा बढीको सहभागिता रहेको थियो ।

संस्थाका उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले सहभागीहरूलाई सहभागिताको लागि धन्यवाद ज्ञापन गर्नुभएको थियो । संस्थाले कार्यक्रममा सहभागी हुने संस्थाका सदस्यहरूलाई ४ सी. पी. ई क्रेडिट आवर प्रदान गरेको थियो ।

## महालेखापरीक्षकज्यूसंग भेटवार्ता

अध्यक्ष सिए. प्रकाश जंग थापाको नेतृत्वमा संस्थाका, उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले २०७४ कार्तिक २२ गते माननीय महालेखापरीक्षक श्री टंक मणि शर्माज्यूसंग सौहाद्रपूर्ण भेटवार्ता गर्नु भयो । भेटको क्रममा लेखा तथा लेखाव्यवसायसंग सम्बन्धित समसामयिक विषयमा छलफल गर्नुका साथै २०७४ कार्तिक २४ गते पहिलो पटक Accountancy Education Day को अवसरमा आयोजना हुने छलफल कार्यक्रममा उपस्थितिको लागि संस्थाको तर्फबाट आमन्त्रण गरिएको थियो ।

## महालेखा नियन्त्रकज्यूसंग भेटवार्ता

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०७४ कार्तिक २२ गते महालेखा नियन्त्रक श्री राम कुमार आचार्यज्यूसंग भेटवार्ता गर्नु भयो । उक्त भेटमा NPSAS कार्यान्वयनको विषयमा छलफल गर्नुका साथै मिति २०७४ कार्तिक २४ मा Accountancy Education Day को उपलक्ष्यमा आयोजना हुने छलफल कार्यक्रममा उपस्थितिको लागि संस्थाको तर्फबाट आमन्त्रण गरिएको थियो ।

## त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका संकाय प्रमुखहरुसंग भेटवार्ता

संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०७४ कार्तिक २४ गते त्रिभुवन विश्वविद्यालय र काठमाडौं विश्वविद्यालयका संकाय प्रमुखहरूसंग छुट्टाछुट्टै भेटवार्ता गर्नु भयो । उक्त भेटवार्तामा विश्वविद्यालयबाट चार्टर्ड एकाउन्टेन्टहरूलाई समकक्षता प्रमाणपत्र प्रदान गर्ने विषयमा छलफल केन्द्रित रहेको थियो । साथै २०७४ कार्तिक २४ गते Accountancy Education Day को उपलक्ष्यमा आयोजना हुने छलफल कार्यक्रममा उपस्थितिको लागि आमन्त्रण गरिएको थियो ।

## आन्तरिक राजस्व विभागका महानिर्देशकसंग भेटवार्ता

संस्थाका अध्यक्ष सिए. प्रकाशजंग थापाको नेतृत्वमा उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला र कार्यकारी निर्देशक सिए. सन्जय कुमार सिन्हाले २०७४ कार्तिक २२ मा आन्तरिक राजस्व विभागका महानिर्देशक किशोर जंग कार्कीसंग भेटवार्ता गर्नु भयो । भेटवार्तामा आन्तरिक राजस्व विभागसंग सहकार्यको माध्ययमबाट देशको आर्थिक विकासका पुऱ्याउन सकिने योगदानका विषयमा छलफल भएको थियो ।

सो भेटवार्तामा लेखाव्यासायीहरूको भूमिकालाई ध्यानमा राखी लेखापरीक्षकहरूको अद्यावधिक व्यावसायिक प्रमाणपत्रको स्थिति, लेखापरीक्षण गर्न पाउने सीमा, कर फिर्ता फाराममा अनिवार्य हस्ताक्षर, लेखापरीक्षकहरूलाई मूल्य अभिबृद्धि कर बुझाउन सहजीकरण, लेखापरीक्षकहरूले अन्तशुःल्क र भन्सार प्रमाणपत्रको प्रमाणीकरण गर्ने, लेखापरीक्षकहरूको मुद्दाहरूलाई प्राथमिकता, ऋणको लागि करको दोहोरो प्रमाणपत्र आदि विषयउपर छलफल भएको थियो ।

उक्त भेटवार्तामा पदाधिकारीहरूले संस्था सधैं बिभागसंग सहकार्यको आधारमा अघि बढ्न उत्सुक भएको जानकारी गराउनु भएको थियो । संस्थाका पदाधिकारीहरूले व्यापारिक संगठनहरूमा पनि नेपाल वित्तीय प्रतिवेदनमान लागु गराउन विभागसमक्ष सहयोगको लागि अनुरोध गरेको थियो । दुवै संस्थाहरूको त्रैमासिक रूपमा बैठक बस्ने र सहकार्यको आधारमा कर सम्बन्धी कार्यक्रमहरू समेत संचालन गर्ने विषयमा कुराकानी भएको थियो ।

## नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी तालिम, बिराटनगर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले २०७४ मंसिर १ र २ मा बिराटनगरमा बाणिज्य बैंक, विकास बैंक, फाइनान्स कम्पनी र लघुवित्त संस्थाको सहभागितामा नेपाल वित्तीय प्रतिवेदनमान सम्बन्धी दुई दिने तालिम संचालन गऱ्यो । पदाधिकारी तथा कर्मचारीहरूको कार्यक्रमका सभापति संस्थाका कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हा र विशेष अतिथि नेपाल राष्ट्र बैंकका निर्देशक श्री विनोद राज

आचार्यले कार्यक्रम संचालनको उपदेयता तथा महत्व बारे प्रकाश पार्नुभएको थियो । तालिममा सहभागीहरूलाई सन् २०१६/१७ बाट बैंक तथा वित्तीय संस्थाहरूमा नेपाल वित्तीय प्रतिवेदनमान लागु भैसकेको र नेपाल वित्तीय प्रतिवेदनमान लागु नगर्दा आइपर्ने विविध समस्याका सम्बन्धमा समेत जानकारी गराईएको थियो ।

दुई दिनसम्म संचालित सो कार्यक्रममा नेपाल वित्तीय प्रतिवेदनमानको प्राविधिक पक्षका बारेमा विस्तृत जानकारी गराउनुका साथै यसको आवश्यकताका सम्बन्धमा उल्लेख गरिएको थियो । उक्त तालिमका ६० जना सहभागीहरूलाई वित्तीय प्रतिवेदनमान सम्बन्धी उदाहरण सहित तालिम प्रदान गरिएको थियो । नेपाल वित्तीय प्रतिवेदनमान मध्ये प्रमुख मानहरू जस्तै Property Plant and Equipment, Leases, Loan Loss Provision, Financial Instruments र तिनका सम्भावित प्रभावकाबारेमा सहभागीहरूलाई अभिमुखीकरण गराईएको थियो ।

## दर्तावाला लेखापरीक्षक क्षमता अभिबृद्धि तालिम

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले संस्थाका दर्तावाला लेखापरीक्षकहरूको क्षमता अभिबृद्धि गर्ने उद्देश्यका साथ १२ डिसेम्बर २०१७ देखि १७ डिसेम्बर २०१७ सम्म सात दिनको Data Analytics for Registered Auditors सम्बन्धी तालिम संस्थाको सातदोबाटो स्थित भवनमा संचालन गऱ्यो ।

कार्यक्रममा संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाको साथै उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, आरए. क्षमता अभिबृद्धि समितिका सभापति आरए. सूर्य प्रसाद अधिकारी र नेपाल अडिटर एशोसिएसनका अध्यक्ष आरए. मोहन राज रेग्मीले तालिमको महत्वको बारेमा सहभागीहरूलाई जानकारी गराउनु भएको थियो ।



अन्तरक्रिया कार्यक्रममा सम्बोधन गर्नु हुँदै संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा ।

कार्यक्रमको समापन सत्रमा संस्थाका पदाधिकारीहरूले सदस्यहरूको उत्साहजनक सहभागिता तथा कार्यक्रम सफल पार्न पुऱ्याउनु भएको सकारात्मक योगदानका लागि सहभागीहरूलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । संस्थाका पदाधिकारीहरूले यस तालिमबाट प्राप्त ज्ञान र सीपलाई आफ्नो कार्य क्षेत्रमा प्रभावकारी रूपमा लागु गर्नु हुनेछ भन्ने विश्वास व्यक्त गर्नु भयो ।

सहभागीहरूले कार्यक्रम सफल भएकोमा संतोष व्यक्त गर्दै प्राप्त ज्ञानलाई कार्यक्षेत्रमा प्रयोग गरिने धारणा राख्नुभएको थियो ।

कार्यक्रमको स्रोत व्यक्तिको रूपमा सिए. मुकुन्द पोखरेल रहनुभएको थियो । कार्यक्रममा २८ जना दर्तावाला लेखापरीक्षक सदस्यहरूको सहभागिता रहेको थियो ।

## सदस्य कल्याणकारी कोषको स्थापना

संस्थाका सदस्यहरूको हितको निमित्त हाल रू ५००,०००/ (पाँच लाख) बिउ पूँजी स्वरूप सदस्य कल्याणकारी कोष (Member's Benevolent Fund) को स्थापना गरिएको छ । उक्त कोषको लागि नेपाल बंगलादेश बैंक लि.को खाता नं ००५१९२५७१ 'C' मा उक्त रकम जम्मा गरिएको छ । सदस्य, सदस्यका परिवार र तिनमा आश्रितहरूलाई आर्थिक समस्या परेको समयमा विशेषत: आकस्मिक बिरामी पर्दा र अन्य सकस आईपरेको अवस्थामा सहयोग गर्ने उद्देश्यले यो कोषको स्थापना गरिएको हो ।

## सह निर्देशक र उप निर्देशकको नियुक्ती

संस्थाले सदस्य, बिद्यार्थी तथा अन्य सरोकारवालाहरूलाई उचित रूपमा सेवा प्रदान गर्ने उद्देश्यले सिए. किरण कुमार खत्री लाई २२ अक्टुवर २०१७ देखि लागु हुने गरी सह निर्देशक र सिए. घनश्याम काफ्ले तथा सिए. उत्सव बराललाई २४ अक्टुवर २०१७ देखि लागु हने गरी उप निर्देशक पदमा करारमा नियुक्त गरेको छ ।

# बिद्यार्थी सम्बन्धी गतिविधि

## एकवर्षे Internship

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ (पाँचौं संशोधन) को नियम ४१ (क) ले विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता हासिल गर्नेहरूको लागि संस्थाको सदस्यता तथा पेशागत प्रमाणपत्र प्राप्त गर्न अनिवार्य एक बर्षे Internship गर्नुपर्ने व्यवस्था गरेको छ । सेप्टेम्बर २०१७ देखि डिसेम्बर २०१७ को अवधिमा The Institute of Chartered Accountants of India (ICAI) बाट परीक्षा उत्तीर्ण गरेका कूल ६० जनाले एक बर्षे Internship को लागि आफ्नो नाम दर्ता गराएका छन् ।

## CAP I तहका बिद्यार्थीहरुसंग अन्तरकृया

संस्थाले CAP I तहका भर्ना भएका नयाँ बिद्यार्थीहरूलाई स्वागत सहित अभिमुखीकरण गराउने उद्देश्यले संस्थाको भवन सातदोबाटोमा अन्तरकृया कार्यक्रम संचालन गरेको थियो । उक्त कार्यक्रममा संस्थाबारे जानकारी, संस्थाको पाठ्यक्रम, परीक्षा प्रणाली, वृत्ति विकासका अवसरहरू र बिद्यार्थीहरूको सुविधाका सम्बन्धमा छलफल भएको थियो । कार्यक्रममा जुन २०१८ को परीक्षा दिने ५३६ जना बिद्यार्थीहरूको सहभागिता रहेको थियो ।

## डिसेम्बर २०१७ को चार्टर्ड एकाउन्टेन्सी अन्तिम परीक्षा सम्पन्न

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले CAP I, CAP II र CAP III तहको परीक्षा डिसेम्बर १, २०१७ मा शुरू भई डिसेम्बर १३, २०१७ मा सम्पन्न भयो । संस्थाको केन्द्रीय कार्यालय लगायत संस्थाको शाखाहरूमा समेत परीक्षा संचालन गरिएको थियो । केन्द्रीय कार्यालयमा CAP I, CAP II र CAP III तीन तहको परीक्षा संचालन गरियो भने शाखा कार्यालयहरू पोखरा, विराटनगर र बुटवलमा CAP I र पोखरा र विराटनगर CAP II तहको परीक्षा संचालन गरिएको थियो । परीक्षाको लागि आवेदन दिई परीक्षामा सामेल हुने परीक्षार्थीको तहगत संख्या निम्न अनुसार रहेको थियो ।

| तह | आवेदन/सामेल | दुवै समूह | पहिलो समूह | दोस्रो समूह | कूल |
|---|---|---|---|---|---|
| CAP I | आवेदन | | | | ७५९ |
| | सामेल | | | | ७२९ |
| CAP II | आवेदन | ८९९ | ३७१ | ३१८ | १५८८ |
| | सामेल | ८५५ | २९९ | २७४ | १४२८ |
| CAP III | आवेदन | २०० | २४१ | १६६ | ६०७ |
| | सामेल | १९३ | २२० | १३० | ५४३ |

कूल २९५४ परीक्षार्थीको आवेदनमा कम्तिमा एउटा विषयको परीक्षामा सामेल हुने बिद्यार्थी संख्या २७०० रहेको थियो ।

## सदस्यता परीक्षा डिसेम्बर

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाले डिसेम्बर ९, २०१७ र डिसेम्बर ११, २०१७ मा सदस्यता परीक्षाको निमित्त अनिवार्य विषयहरू कर्पोरेट ल र एडभान्स टेक्सेसनको परीक्षा सम्पन्न गऱ्यो । उक्त परीक्षामा विदेशी चार्टर्ड एकाउन्टेन्सी संस्थाबाट चार्टर्ड एकाउन्टेन्टको सदस्यता लिई पेशागत प्रमाणपत्र प्राप्त गरेका २०८ जना परीक्षामा सामेल भएका थिए । यस परीक्षामा २४५ जनाले परीक्षा फारम भरेका थिए । नेपाल चार्टर्ड एकाउन्टेन्ट्स नियमावली, २०६१ अनुसार विदेशी संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी योग्यता प्राप्त गरेको व्यक्तिले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सदस्यता परीक्षा अनिवार्य रूपमा उत्तीर्ण गर्नुपर्ने प्रावधान छ । सदस्यता परीक्षा उत्तीर्ण भएपछि मात्र ती परीक्षार्थीहरूले संस्थाको सदस्यताको लागि योग्यता प्राप्त गर्ने छन् ।

## नयाँ बिद्यार्थी भर्ना

चार्टर्ड एकाउन्टेन्सी कोर्ष अहिले धेरै बिद्यार्थीहरूको लागि आकर्षक कोर्षको रूपमा स्थापित भैसकेको छ । अक्टुवर २०१७ देखि डिसेम्बर २०१७ सम्ममा बिभिन्न तहमा चार्टर्ड एकाउन्टेन्सी कोर्ष गर्न ६०१ जना नयाँ बिद्यार्थीहरू संस्थामा भर्ना भएका छन् ।

## करीयर काउन्सलिङ्ग

संस्थाले बिद्यार्थीहरूवीच सिए शिक्षाको महत्व बारे जानकारी गराउने उद्देश्यले देशका विभिन्न स्थानमा नियमित रूपमा करीयर काउन्सलिङ्ग कार्यक्रम संचालन गर्दैआएको छ । यसै क्रममा अक्टुवर २०१७ देखि डिसेम्बर २०१७ को अवधिमा काठमाडौं उपत्यकामा करिव ५४२ जनालाई चार्टर्ड एकाउन्टेन्सी कोर्ष सम्बन्धी जानकारी प्रदान गरेको छ ।

## छात्रबृत्ति सम्बन्धी जानकारी

संस्थाले विगत १२ वर्ष देखी चार्टर्ड एकाउन्टेन्सी कोर्ष प्रति आकर्षित गर्न बिद्यार्थीहरूलाई छात्रबृत्ति उपलब्ध गराउँदै आएको छ । हाल संस्थाले छात्रबृत्ति सम्बन्धी व्यवस्थामा केही परिवर्तन गरी उच्चतम अंक ल्याउने जेहेन्दार बिद्यार्थीहरूको निमित्त कूल छात्रबृत्ति रकमको २० प्रतिशत रकम व्यवस्था गरेको छ ।

# सदस्य सम्बन्धी गतिविधि

## नयाँ दर्ता चार्टर्ड एकाउन्टेन्ट सदस्यहरु

संस्थाले नेपाल चार्टर्ड एकाउन्टेन्ट्स् नियमावली, २०६१ को दफा १६ (२) बमोजिम अक्टुवर २०१७ देखि  डिसेम्बर २०१७ सम्ममा कूल ६३ जनालाई चार्टर्ड एकाउन्टेन्टको सदस्यता प्रदान गरेको छ ।

## अनवरत व्यावसायिक शिक्षा (सी.पी.ई) तालिका प्रकाशित

संस्थाले २०७५/७६ को अनवरत व्यावसायिक शिक्षा (सी.पी.ई) तालिका प्रकाशित गरेको छ । संस्था तथा संस्थाबाट मान्यता प्राप्त संस्थाहरूले तालिम संचालन गर्ने छन् ।

# अन्तर्राष्ट्रिय सम्बन्ध

## साफा बोर्ड, कमिटि र कार्यशाला गोष्ठीमा सहभागिता

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापाले नेतृत्व गरेको प्रतिनिधि मण्डलले २०१७ अक्टुवर ३० देखि २०१७ नोभेम्बर १ सम्म श्रीलंकाको कोलम्बोमा आयोजना भएको SAFA को 49th Board Meeting, बिभिन्न Committee Meetings तथा NOCLAR, IFRS 15 Workshop मा  सहभागिता जनाएको थियो ।



संस्थाका अध्यक्ष तथा उपाध्यक्षको श्रीलंकाको कोलम्बोमा आयोजित साफा कार्यक्रममा सहभागिता ।

सो प्रतिनिधि मण्डलका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला,पार्षद आरए. धुव्र प्रसाद पौडेल र साफाका उपाध्यक्ष एवं संस्थाका पूर्व अध्यक्ष सिए.(डा.) सुवोध कुमार कर्ण रहनुभएको थियो ।

## कापा (CAPA) बोर्ड, कमिटि, बार्षिकोत्सव र साधारण सभामा सहभागिता



संस्थाका पूर्व अध्यक्ष एव कापाका बोर्ड निर्देशक सिए. प्रकाश लम्साल कापाको कार्यक्रममा सम्बोधन गर्नु हुँदै ।

संस्थाका निवर्तमान अध्यक्ष सिए. महेश खनाल, कापाका निर्देशक एवं पूर्व अध्यक्ष सिए. प्रकाश लम्साल  र पार्षद आरए. गणेश राई २०१७ नोभेम्बर ७ देखि १० सम्म मलेशियामा आयोजना भएको CAPA को बोर्ड तथा कमिटि बैठक तथा CAPA को ६०औं वार्षिकोत्सव र साधारण सभामा सहभागी हुनु भएको थियो ।

## IFAC Council Meeting मा सहभागिता

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०१७ नोभेम्बर १४ देखि १६ सम्म बेल्जियमको ब्रशेल्शमा आयोजना भएको IFAC Council Meeting मा सहभागिता जनाउनु भयो ।

उक्त भ्रमणको क्रममा संस्थाको भ्रमणदलले अन्य मुलुकका केही लेखाव्यवसायी संस्थाका प्रमुख तथा प्रतिनिधिहरूलाई भेट गरी आपसी सहयोगका क्षेत्र र विविध व्यावसायिक विषयहरू उपर छलफल तथा अनुभव आदान प्रदान गर्नु भएको थियो ।

## ACCA का पदाधिकारीहरुसंग बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले  मिति २०१७ नोभेम्बर १४ मा बेल्जियमको ब्रशेल्श भ्रमणको क्रममा ACCA का अध्यक्ष र अन्य पदाधिकारीहरूसंग बैठक गर्नु भयो ।


संस्थाका अध्यक्ष र उपाध्यक्ष ACCA का अध्यक्ष तथा अन्य प्रतिनिधिका साथ ।

सो बैठकमा आपसी सहयोगको क्षेत्र, प्राविधिक श्रोतको उपयोग र Pathway Agreement का विषयमा समेत छलफल भएको थियो ।

## Chartered Accountants Australia and New Zealand (CA ANZ) का पदाधिकारीहरुसंग बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०१७ नोभेम्बर १५ मा बेल्जियमको ब्रशेल्श भ्रमणमा रहँदा Chartered Accountants Australia and New Zealand (CA ANZ) का अध्यक्ष र अन्य पदाधिकारीहरूसंग बैठक गर्नु भयो । उक्त बैठकमा आपसी सहयोग र दुई संस्था वीच हालसम्म भएका गतिबिधिहरूको प्रगतिका बारेमा छलफल भएको थियो ।

त्यसैगरी, संस्थाको भ्रमणदलले CPA Australia का Chief Operating Officer संग भेट वार्ता गर्नु भएको थियो । उक्त भेटमा दुई संस्था वीच आपसी मान्यता सम्बन्धी संझौता (MRA) का सम्बन्धमा छलफल भएको थियो । साथै उक्त भेटमा MRA लाई कसरी सरलीकृत गर्न सकिन्छ भन्ने विषयमा पनि कुराकानी भएको थियो ।

## The Institute of Chartered Accountants in England and Wales (ICAEW) का पदाधिकारीहरुसंग बैठक

संस्थाका अध्यक्ष सिए. प्रकाश जंग थापा र उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौलाले २०१७ नोभेम्बर १६ मा बेल्जियमको ब्रशेल्श भ्रमणको क्रममा The Institute of  Chartered Accountants in England and Wales (ICAEW) का अध्यक्ष र अन्य अधिकारीहरूसंग बैठक गर्नु भयो ।


संस्थाका अध्यक्ष र उपाध्यक्ष ICAEW का अध्यक्ष अन्य प्रतिनिधिका साथ ।

उक्त बैठकमा गुणस्तर आश्वस्तता (Quality Assurance) प्रकृयाका सम्बन्धमा दोहोरो संझौता (Twinning Arrangement) र Member pathway implementation प्रकृयाको समीक्षा गरी अन्तिम रूप दिने बारेमा छलफल भएको थियो ।

## साफा (SAFA) बोर्ड, कमिटि र अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता

अध्यक्ष सिए. प्रकाश जंग थापाको नेतृत्वमा संस्थाको सात सदस्यीय प्रतिनिधि मण्डलले डिसेम्बर ५ देखि ९ २०१७ सम्म भारतको भ्रमण गरी मुम्बईमा आयोजित साफा बोर्ड, कमिटि र Accountancy Profession: Convergence and Sustainability in Digital Era विषयक अन्तर्राष्ट्रिय सम्मेलनमा सहभागिता जनाएको थियो । उक्त भ्रमणको क्रममा संस्थाको प्रतिनिधि मण्डलले IFAC का अध्यक्ष लगायत उच्च स्तरीय पदाधिकारीहरूसंग भेट गरेको थियो ।



संस्थाका प्रतिनिधिहरूको भारतको मुम्बाईमा आयोजित साफा कार्यक्रममा सहभागिता ।

भ्रमणदलका अन्य पदाधिकारीहरूमा उपाध्यक्ष सिए. जगन्नाथ उपाध्याय निरौला, साफाका उपाध्यक्ष तथा पूर्व अध्यक्ष सिए. (डा.) सुवोध कुमार कर्ण, पार्षद् सिए. भास्कर सिंह लाला, पार्षद् आरए. यादव प्रसाद न्यौपाने, कार्यकारी निर्देशक सिए. संजय कुमार सिन्हा र सह-निर्देशक विनोद प्रसाद न्यौपाने रहनुभएको थियो ।

## सूचना

नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाको सि.पि.ई. तालिम संचालन सम्बन्धी सूचना

| क्र.स. | मिति | स्थान | संचालन गर्ने संस्थाहरु |
|---|---|---|---|
| १. | २०७४ फागुन ४, ५ र ६ | दाङ्ग/जनकपुर | ICAN/ AUDAN |
| २. | २०७४ फागुन २५, २६ र २७ | भैरहवा/हेटौडा/नेपालगंज | AUDAN/AUDAN / ICAN |
| ३. | २०७४ चैत्र २, ३ र ४ | विर्तामोड/पोखरा | ICAN/ AUDAN |
| ४. | २०७४ चैत्र ९, १० र ११ | विराटनगर/नारायणघाट | PS/AUDAN |
| ५. | २०७४ चैत्र १६, १७ र १८ | धनगढी/बुटवल | AUDAN/ICAN |
| ६. | २०७४ चैत्र २३, २४ र २५ | सुर्खेत/वीरगञ्ज/काठमाडौं | CAI/PS/ICAN |
| ७. | २०७४ चैत्र ३० र २०७५ वैशाख १ र २ | बिराटनगर | AUDAN |
| ८. | २०७५ वैशाख ७, ८ र ९ | महेन्द्रनगर | AUDAN |
| ९. | २०७५ वैशाख १४, १५ र १६ | पोखरा/काठमाडौं | ICAN/AUDAN |
| १०. | २०७५ वैशाख २८, २९ र ३० | काठमाडौं | ICAN |
| ११. | २०७५ जेठ ११, १२ र १३ | काठमाडौं | AUDAN |
| १२. | २०७५ जेठ १८, १९ र २० | काठमाडौं | ICAN |
| १३. | २०७५ जेठ २५, २६ र २७ | काठमाडौं | ICAN |
| १४. | २०७५ असार १, २ र ३ | काठमाडौं | AUDAN |
| १५. | २०७५ असार ८, ९ र १० | काठमाडौं | PS/CAI |
| १६. | २०७५ असार १५, १६ र १७ | काठमाडौं/काठमाडौं | ICAN/AUDAN |
| १७. | २०७५ असार २२, २३ र २४ | काठमाडौं | AUDAN |

१. नेपाल अडिटर्स एशोशियसन (AUDAN) काठमाडौं, फोनः ०१-४१०२०२३
२. सि.ए.आई. (प्रा) लि.(CAI), काठमाडौं फोनः ९८४१३३९४९७
३. प्रोफेशनल सोलूसन (PS), काठमाडौं फोनः ०१-५२४२८१९

टिकट

प्रकाशक : सम्पादन समिति
नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था
THE INSTITUTE OF CHARTERED ACCOUNTANTS OF NEPAL
(Established under the Nepal Chartered Accountants Act, 1997)
सातदोबाटो, ललितपुर पो. ब. नं. ५२८९ (काठमाडौं), फोनः ०१-५५३०८३२ ५५३०७३०
फ्याक्सः ००९७७ १ ५५५०७७४, इमेलः ican@ntc.ntc.np, वेवसाइटः www.ican.org.np
शाखाहरूः विराटनगर, बुटवल, वीरगञ्ज, पोखरा, नेपालगञ्ज, धनगढी